# ‘गण्डकीको मुहानतिर’ नियात्राको भाषिक अध्ययन

**प्रमिला पोखरेल**
दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २८१६९९/०६७
त्रि.वि. दर्ता नं.: ९-२-२४२-४५५-२००५

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,**
**नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह**
**दोस्रो वर्षको पाठयांश (नेपा.शि.५९८) प्रयोजनका लागि प्रस्तुत**

**शोधपत्र**
**२०६९**

**नेपाली भाषा शिक्षा विभाग**
**शिक्षाशास्त्र केन्द्रीय विभाग**
त्रि.वि., कीर्तिपुर
काठमाडौँ

# शोध निर्देशकको सिफारिस पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषय (नेपा.शि. ५९८) को प्रयोजनका लागि प्रस्तुत **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी प्रमिला पोखरेलद्वारा मेरो निर्देशनमा तयार पारिएको हो । अत्यन्त लगनशीलता र परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र सम्बन्धित प्रयोजनका लागि उपयुक्त भएकाले आवश्यक मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................

राजेन्द्र खनाल

(शोध निर्देशक)

नेपाली भाषा शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

मिति : २०६९/०२/२५

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुरकी छात्रा शोधार्थी श्री प्रमिला पोखरेलद्वारा तयार पारिएको **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन** शीर्षकको शोधपत्र शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विषयको स्नातकोत्तर तहका निमित्त उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

| **मुल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. सुषमा आचार्य (विभागीय प्रमुख) | .................. |
| २. प्रा.डा. पारसमणि भण्डारी (अध्यक्ष : विषय समिति) | ................. |
| ३. श्री राजेन्द्र खनाल (शोध निर्देशक) | .................. |

मिति : २०६९/०४/१६

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्रको शीर्षक **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन** रहेको छ । यो शोधपत्र मूलतः नियात्राको भाषिक अध्ययन अन्तर्गत विचलन र समानान्तरताको विश्लेषण गरिएको छ । यसका साथै सादृश्यको विश्लेषण पनि यसै अध्ययनमा समेटिएको छ । यो अध्ययन स्नातकोत्तर तहको उपाधिका लागि सम्पन्न गरिएको छ ।

यस शोधकार्यको प्रारम्भदेखि अन्त्यसम्म निरन्तर रुपमा हार्दिकताका साथ सल्लाह, सुझाव, निर्देशन र सामग्री उपलब्ध गराएर सहयोग गर्ने गुरु तथा शोध निर्देशक राजेन्द्र खनालप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

शोधकार्य सम्पन्न गर्ने क्रममा आफ्नो व्यस्तताका बाबजुद पनि प्राज्ञिक सल्लाह एवम् सुझाव प्रदान गरी सहयोग प्रदान गर्ने आदरणीय गुरु प्राध्यापक डा. पारसमणि भण्डारीप्रति आभारी छु । साथै गुरु केशव भुसाललाई धन्यवाद दिन चाहन्छु । यो शोधकार्य सम्पन्न गर्न प्रबन्ध मिलाइदिनु हुने तत्कालीन विभागीय प्रमुख गुरु प्रा.डा रामचन्द्र लंसाल ज्यूलाई आभार प्रकट गर्न चाहन्छु । त्यसै गरी वर्तमान विभागीय प्रमुख गुरुआमा प्रा.डा. सुषमा आचार्यप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोध सामग्री उपलब्ध गराएर सहयोग गर्ने सहयोगी सर प्रतीक ढकाललाई धन्यवाद दिन चाहन्छु ।

शिक्षालाई जीवनको मूलमन्त्र मान्नु हुने कर्मशील आदरणीय बुवा गुणराज पोखरेलको आर्थिक-भौतिक सहयोगप्रति कृतज्ञ छु । जीवनका हरेक मोडमा साहस प्रदान गर्नु हुने ममतामयी आमा दुर्गा पोखरेलप्रति विशेष आभारी छु ।

त्यसै गरी मेरो अन्तर्निहित क्षमता र सामर्थ्य प्रदान गर्ने भगवान्प्रति आभारी छु । शोधका सिलसिलामा सामग्री सङ्कलनदेखि प्राज्ञिक सहयोग गर्ने सहयोगी साथी भुवन आचार्यलाई धन्यवाद दिन चाहन्छु । साथै मेरो अध्ययनका क्रममा सधै हौसला प्रदान गर्ने दाजु सन्तोष पोखरेल र प्रमोद पोखरेल, भाउजू प्रतिभा पोखरेल र अङ्कल दीपक बराल तथा सहयोगी भाइ प्रज्वल पोखरेललाई स्मरण गर्न चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको सुस्पष्ट टङ्कन गरी दिने भाइ रविन गौतमलाई धन्यवाद दिन चाहन्छु ।



.................................

प्रमिला पोखरेल

(शोधार्थी)

नेपाली भाषा शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं ।

# शोधसार

**शोध शीर्षक : गण्डकीको मुहानतिर नियात्राको भाषिक विश्लेषण**

शोधार्थी : प्रमिला पोखरेल

शोध निर्देशक : राजेन्द्र खनालल

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जम्मा अध्याय : छ

शैक्षिक वर्ष : २०६६/०६७

पृष्ठ सङ्ख्या : ८+५८

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ ।

यो शोधकार्य **गण्डकीको मुहानतिर** नियात्राको भाषिक विश्लेषणमा केन्द्रित रहेको छ । अर्थात् उक्त कृतिको भाषिक विश्लेषणमा विचलन र समानान्तरता साथै सादृश्यको विश्लेषणलाई यसै अध्ययनमा समेटिएको छ । भाषिक विचलनको विश्लेषणका आधारका रुपमा कोशीय, व्याकरणिक, ध्वनि प्रक्रिया र अर्थ तात्त्विक विचलनलाई लिइएको छ । त्यस्तै कृतिको भाषिक विश्लेषण अन्तर्गत बाह्य र आन्तरिक समानान्तरतालाई उपयोग गरिएको छ । त्यसै गरी उक्त कृतिमा प्रयुक्त भौगोलिक, प्राकृतिक, सामाजिक-सांस्कृतिक र भाषिक सादृश्यको विश्लेषणलाई पनि यसै अध्ययनमा समेटिएको छ ।

यस शोधकार्यमा सामग्री सङ्कलनमा मूलतः पुस्तकालयीय विधिको उपयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीको स्रोतको रुपमा विश्लेष्य कृति **गण्डकीको मुहानतिर**लाई लिइएको छ भने द्वितीय सामग्रीको स्रोतको रुपमा प्रकाशित पुस्तकहरु, सन्दर्भ पुस्तकहरु, पत्र पत्रिका प्रकाशित लेख रचनाहरु, प्रकाशित तथा अप्रकाशित शोधपत्रहरु र शोध निर्देशकको सल्लाह सुझावलाई लिइएको छ । त्यसै गरी यसको अध्ययन विश्लेषणमा वर्णनात्मक र विश्लेषणात्मक विधिलाई उपयोग गरिएको छ ।

जम्मा छ अध्यायमा विभाजित यस शोधपत्रको पहिलो अध्यायमा शोधको परिचय, दोस्रो अध्यायमा पूर्वकार्यको पुनरावलोकन, तेस्रो अध्यायमा भाषिक विश्लेषणको सैद्धान्तिक अवधारणा, चौँथो अध्यायमा भाषिक विचलनको विश्लेषण, पाँचौँ अध्यायमा समानान्तरता र सादृश्यको विश्लेषण र छैटौँ अध्यायमा निष्कर्ष र भावी अध्ययनको लागि सम्भावित शोध शीर्षक प्रस्तुत गरिएको छ ।

निष्कर्षको रुपमा भन्नु पर्दा यो अध्ययन कृतिको भाषिक अध्ययनमा केन्द्रित छ । यसमा विचलन र समानान्तरताको कृतिगत विश्लेषण गरिएको छ भने सादृश्यलाई समानान्तरतासँगै एउटै अध्यायमा समेटेर अध्ययन गरिएको छ । भाषिक विचलन अन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियागत र आर्थी विचलनको कृतिगत विश्लेषण गरिएको छ । त्यस्तै समानान्तरता अन्तर्गत बाह्य र आन्तरिक समानान्तरताको व्यावहारिक विश्लेषण गरिएको छ । त्यस्तै सादृश्य अन्तर्गत भौगोलिक, प्राकृतिक र सामाजिक-सांस्कृतिक सादृश्यको विश्लेषण गरिएको छ ।

# विषय सूची

पेज नं.

अध्याय एक

**शोध परिचय** ०१-०५

१.१ शोधकार्यको परिचय १

१.२ समस्या कथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ शोधकार्यको औचित्य/महत्त्व २

१.५ शोधकार्यको सीमाङ्कन ३

१.६ शोधविधि ४

१.७ शोत्रपत्रको रुपरेखा ५

अध्याय दुई

**पूर्वकार्यको पुनरावलोकन** ०६-२२

२.१ सैद्धान्तिक ग्रन्थहरु ७

२.२ पत्रिकामा प्रकाशित लेख १३

२.३ अप्रकाशित शोध प्रतिवेदनहरु १५

**अध्याय तिन**

**भाषिक विश्लेषणको सैद्धान्तिक अवधारणा** **२३-३५**

३.१ विषय प्रवेश २३

३.२ शैली २३

३.३ शैली विज्ञानको पृष्ठभूमि र सैद्धान्तिक स्वरूप २६

३.४ शैली विज्ञान : विश्लेषण प्रकिया २७

**अध्याय चार**

**भाषिक विचलनको विश्लेषण** **३६-४५**

४.१ विचलन ३६

**अध्याय पाँच**

**समानान्तरता र सादृश्यको विश्लेषण** **४६-५२**

५.१ समानान्तरता ४६

५.२ सादृश्य ४९

**अध्याय छ**

**उपसंहार** **५३-५६**

६.१ निष्कर्ष ५३

६.२ भावी अध्ययनका लागि सम्भावित शोध शीर्षक ५६

**सन्दर्भ सामग्री सूची** ५७-५८